# शिशु र साना बालबालिकाहरूका लागि स्तनपान र बाल खेल क्षेत्रहरू


नेपाल उद्योग वाणिज्य महासंघ

शहीद शुक्र एफएनसीसीआई, मिलन मार्ग, टेकू,

काठमाडौं फोन नं०: ५३६२२१८, ५३६२०६१, ५३६६८८५

E-mail: fncci@mos.com.np


२०२५/२०२६

कुनै पनि सार्वजनिक सेवाहरुमा (स्वास्थ्य सेवाहरू, स्थानीय सरकारी कार्यालयहरू, बैंक वित्तिय संस्थाहरुमा) बालबालिकाहरुको लागि बालमैत्री कक्ष बनाएको पाइंदैन । बालबालिका लिएर सेवाग्राहीहरु आएमा बालबालिकाका लागि बाल मैत्रीपूर्ण, सुरक्षित, सिकाइ उत्प्रेरक वातावरण प्रदान गर्न **स्तनपान कक्ष र बाल खेल क्षेत्रहरू** बनाउनु पर्दछ । यस्ता वातावरणले आमाबाबुलाई सहजता प्रदान गर्छ भने बालबालिकाहरूलाई सुरक्षित वातारणमा सिकाइ र विकासका लागि सहयोग गर्दछ।

यस्ता **स्तनपान कक्ष र बाल खेल क्षेत्रहरू** आमाहरूलाई आफ्ना साना बालबालिकाहरूको हेरचाह गर्न र आराम गर्ने वातावरण बनाउनका लागि तयार गरिएका हुन् । तसर्थ यि क्षेत्रहरुमा आमाहरूले आफ्ना छोराछोरीहरुलाई आरामले खुवाउन तथा केही समय ढुक्कसँग उनीहरुसँग बिताउन पाउँछन् । जसले गर्दा केही समय बालबालिका आफ्ना आमाहरुसँग बस्न पाउँछन् भने आमाहरूले पनि छोराछोरीहरुको आवश्यकतालाई ध्यान दिन्छन्, डायपर वा लुगा फेराउँछन्, पूरक/ थप खाना खुवाउँछन्, साथै बालबालिकालाई आराम गर्न गराउन तथा आमाको व्यक्तिगत आवश्यकताहरू पूरा गर्न, तथा आमाले विश्राम/ आराम लिन पाउनेछन् ।

यी **स्तनपान कक्ष र बाल खेल क्षेत्रहरू**मा बालबालिकाहरूको लागि खेल्ने स्थान (कुना) पनि हुन्छ जहाँ बालबालिकाहरूले खेल्न सक्छन् र माथि उल्लेखित कुनै पनि प्रकारको सेवाहरूको प्रतीक्षा गर्दा उनीहरु सक्रिय र संलग्न रहनेछन् । प्रारम्भिक उमेरमा विकास र सिकाइको लागि वातावरण महत्वपूर्ण हुन्छ । तसर्थ बालबालिकाहरुले वरिपरि हिंड्न, माथि र तल उक्रिन, र विकासको लागि उपयुक्त खेलौना र सामग्रीहरूसँग खेल्न रमाइलो गर्ने ठाउँ पाउँछन् र यसले उनीहरूलाई सक्रिय र खुसी राख्छ, सिकाइका लागि उत्प्रेरित गर्दछ । यस्तो वातावरण बालबालिकाको विकासको लागि धेरै सहयोगी हुन्छ ।

सामान्यतया, स्तनपान कक्ष र खेल्ने कुनाको डिजाइन र गुणस्तर ठाउँको उपलब्धता, बजेट र सेवाग्राहीहरूको आवश्यकतामा निर्भर गर्दछ । यस्ता स्थानहरुको व्यवस्थाले बालबालिका प्रति सकारात्मक धारणा राख्न, बालमैत्री संरचनाहरु बनाई समावेशी र हेरचाह गर्ने समाज निर्माण गर्न सहयोग गर्दछ ।

**गुणस्तरीय बाल स्याहार वातावरणको लागि ध्यान दिनपर्ने विषयहरु:**

| | |
|---|---|
| **१ सुरक्षा** | बालबालिकाहरुलाई समूहमा वा एकैठाउँमा राख्दा उनीहरूको लागि सुरक्षित वातावरण सबैभन्दा महत्त्वपूर्ण हुन्छ । सुरक्षित वातावरण बनाउन निम्न कुराहरूलाई ध्यान दिनुपर्ने हुन्छ :<br>गैर–विषाक्त पदार्थहरूबाट बनेका प्राकृतिक सामग्री तथा बालबालिकाको विकास उपयुक्त सामग्रीहरूको प्रयोग जस्तै काठले वा बाँसले बनेका |

| | |
|---|---|
| | सामग्रीहरू<br>- नचिप्लिने र नरम भुइँहरू<br>- गोलाकार कुनाहरू भएका टेवलहरू, नढल्नेगरी फिक्स गरिएका सामान राख्ने दराज तथा र्याकहरू |
| **२ स्वास्थ्य** | शिशु र साना बालबालिकाहरूको हेरचाह गर्दा उनीहरूको स्वास्थ्यमा विशेष ध्यान दिनु पर्दछ । सफासुग्गर तथा व्यवस्थित वातावरणले बालबालिका र वयस्क दुवैलाई रोगको संक्रमणबाट जोगाउन सक्छ ।<br>- बालबालिका बस्ने स्थान सफा, उज्यालो र दोहोरो हावा बहने हुनुपर्दछ ।<br>- खाना तयार गर्ने र खुवाउने स्थान/ क्षेत्रहरू शौचालयभन्दा टाढा हुनुपर्दछ ।<br>- खाना तयार गर्ने स्थान, खुवाउने स्थान, शौचालय र वरीपरीको वातावरण सफा राख्नु पर्दछ ।<br>- स्याहारकर्ता र बालबालिकाहरूले पटक पटक र नियमित रूपमा हात धुन पर्ने भएकोले हात धुने स्थान वा बेसिनको व्यवस्था गर्नु पर्दछ ।<br>- केन्द्रका भित्ताहरू, भुइँहरू, फर्निचरहरू सफा गर्न सजिलो रहेको र कुनाकाप्चा नभएको खेल तथा अन्य क्रियाकलाप गर्नका लागि उक्त स्थान उपयुक्त छ भनी सुनिश्चित गर्नु पर्दछ ।<br>- अत्यधिक गर्मी, कम वा धेरै प्रकाश, भेन्टिलेसन नभएको, र अत्यधिक र चर्को ध्वनि / आवाज भएको स्थान बालबालिकाको स्वास्थ्य तथा विकासको लागि उपयुक्त हुन्न यसले उनीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्छ। तसर्थ गन्ध रहित स्वस्थ वातावरण, जाडो र गर्मीमा तापक्रम एकनास बनाउने, उज्यालो कोठा, क्रस भेन्टिलेसन भएको, हावाको दोहोरो आवागमन हुने र बाहिरको आवाज धेरै नआउने कोठाको व्यवस्था गर्नु पर्दछ ।<br>- शिशु स्याहार केन्द्र सफा र सुरक्षित स्थानमा व्यवस्था गर्नु पर्दछ । यदि दुइ तले भवन छ भने भुइं तलामा राख्नु पर्दछ । |
| **३ आरामदायी वातावरण** | आरामदायी वातावरणले स्याहारकर्ता तथा बालबालिका दुबैलाई शान्त वातावरणमा तनाव बिना काम गर्न, कोठा व्यवस्थित तथा आकर्षक बनाउन मदत गर्दछ ।<br>- भित्ता र फर्निचरहरूमा प्राकृतिक र हलुका रंगहरूको प्रयोग गर्नु पर्दछ ।<br>- कोठामा फ्लोरोसेन्ट बत्तीहरूको सट्टा प्राकृतिकरुपमा उज्यालो आउने व्यवस्था गर्नुपर्दछ । |

| | |
|---|---|
| | - प्रत्येक कोठामा स्वच्छ र ताजा हावाको स्थिर प्रवाह भएको हुनुपर्दछ ।<br>- भुइँमा बस्नका लागि चिसो नआउने कार्पेट, नरम कुशन, तकियाहरूको व्यवस्था गर्नु पर्दछ। |
| **४ सुविधाजनक वातावरण** | सुविधाजनक वातावरण त्यो हो जहाँ बालबालिका र स्याहारकर्ता दुवैले सजिलैसँग सामग्रीहरू झिक्न, चलाउन र राख्न सक्छन्।<br>- बालबालिकाका खेल सामग्रीहरू सबैले स्पष्ट देख्न सक्ने गरी राखेको हुनुपर्छ।<br>- साना बालबालिकाहरूले सामग्रीमा भएका लेबलहरू पढ्न सक्दैनन् तसर्थ बालबालिकालाई वरीपरीको वातावरणसँग अन्तरक्रिया गर्न मिल्ने गरी सामग्रीहरूको नाम ठूला अक्षरले लेखेर व्यवस्थित गर्नु पर्दछ ।<br>- बालबालिकालाई खुवाउने स्थान, सफा गर्ने स्थान र शौचालयहरू सफा, उज्यालो, सहज र सुविधाजनक हुनुपर्छ ।<br>- सामग्री राख्ने बट्टाहरू तथा र्याक वा दरराजहरूको व्यवस्था गर्नुपर्दछ । |
| **५ बालमैत्री कोठा** | बालबालिका बस्ने कोठा उज्यालो, फराकिलो, बस्न, खेल्न र काम गर्न पुग्ने हुनुपर्दछ ।<br>- जब कोठाको वातावरण बालबालिकालाई सहज हुने गरी डिजाइन गरिएको / मिलाइएको हुन्छ, बालबालिकाहरूले आफूलाई चाहिने कुराहरू, खेलौनाहरू पुग्न, आफै झिक्न र राख्न सक्छन्, आफ्नो रुची अनुसार खेल्न र अन्वेषण गर्न सक्छन् । यस कोठामा स्याहारकर्ताले बालबालिकाहरूलाई चोट लाग्छ कि भनेर कुनै चिन्ता गर्नु पर्दैन ।<br>- बालबालिका मैत्री कोठाले स्याहारकर्ताको भूमिकालाई पनि सजिलो, राम्रो र जिम्वेवार बनाउन सहयोग गर्छ ।<br>- बालबालिकाको चलमल गर्ने प्राकृतिक आवश्यकतालाई पनि सहयोग/मद्दत गर्दछ । |
| **६ लचकता** | सीमित ठाउँ भए पनि, सही फर्निचर छनौट गर्नाले कोठालाई (flexible) सजिलो बनाउन मद्दत गर्दछ । हलुका र यताउता सार्न मिल्ने फर्निचर तथा सामग्रीहरू राखिएमा तीनिहरूलाई एक भन्दा बढी उद्देश्यका लागि प्रयोग गर्न सकिन्छ ।<br>- टेबलहरू खाना खुवाउनका साथै खेल्न, चित्र कोर्न र अन्य गतिविधिहरू गर्नको लागि प्रयोग गर्न सकिन्छ ।<br>- खुला ठाँउ आवश्यक परेमा खप्ट्याएर राख्न मिल्ने सामग्री जस्तै चकटीहरू प्रयोग गर्न सकिन्छ ।<br>- ठूला फर्निचरहरूलाई कोठाको एक छेउमा राख्नाले बीच भाग खुला रहन्छ जसले गर्दा बालबालिकाहरूले कोठामा मजाले विविध क्रियाकलापहरू गर्न |

| | |
|---|---|
| | सक्छन् ।<br>- खुला कोठाले अधिकतम लचिलोपन सिर्जना गर्दछ र बालबालिकाहरूलाई स्वतन्त्ररुपमा वरीपरी घुम्न, यताउता चलमल गर्न (नेभिगेट) वातावरण दिन्छ ।<br>**<u>स्तनपान गराउने ठाउँको लागि :</u>**<br>- स्तनपान गराउने आमा र शिशु दुवैको लागि आरामदायी बस्ने व्यवस्था हुनुपर्दछ ।<br>- बालबालिकाहरूको लागि लुगा (डाइपर) फेर्ने ठाउँ (ओछ्यान वा टेबल) (कपडा र डाइपर) राख्नुपर्दछ ।<br>- हात धुने र शौचालयको सुविधा/ व्यवस्था हुनुपर्दछ ।<br>- डाइपर र अन्य फोहोर फ्याक्न डस्टबीनको व्यवस्था गर्नुपर्दछ ।<br>- बालबालिकाको सिकाइ र विकासको लागि उमेर–उपयुक्त खेलौनाहरूको व्यवस्था गर्नुपर्दछ ।<br>- भित्ताहरूमा तटस्थ वा हलुका प्राकृतिक रंग र जानकारीमूलक पोस्टरहरू टाँस्नुपर्दछ ।<br>**<u>बालमैत्री वातावरण सिर्जना गर्न :</u>**<br>- साना बालबालिकाको साइजका टेबल र कुर्सीहरू अथवा चकटीहरूको प्रयोग गर्नुपर्दछ ।<br>- होचा (२४" देखि ३६" अग्लो) र्याक र बालबालिकाहरूलाई पुग्ने गरी खेलौनाहरूको व्यवस्था गर्नुपर्दछ ।<br>- ऐना, पोष्टर तथा चित्रहरू बालबालिकाको उचाइमा झुण्डाइनु पर्दछ ।<br>- केही ठूला आकारका फर्निचरहरू राखिएमा स्याहारकर्ताहरूले बालालिकाहरूलाई काखमा राखेर आरामसँग हल्लाउन र अँगालो हाल्न सक्छन् ।<br>**<u>क्रियाकलाप गर्ने क्षेत्रहरू</u>**<br>प्रत्येक क्रियाकलाप गर्ने क्षेत्र निम्नअनुसार हुनुपर्नेछ :<br>- छुट्टै खुला स्थान<br>- अन्य क्षेत्रहरूबाट अलग<br>- वरिपरि घुम्नका लागि स्थान<br>कोठाको प्रत्येक कुना प्रयोग गर्न सकिने बनाउनु पर्छ जसले बालबालिका र स्याहारकर्ताहरूमा सकारात्मक प्रभाव पार्दछ । |

| | |
|---|---|
| **७ चलमल** | - शिशु र साना बालबालिकाहरूको बृद्धि र विकासको लागि यताउता चलमल गर्न हिड्न प्रोत्साहन गर्ने वातावरण आवश्यक हुन्छ। पहिलो तीन वर्ष शिशु र साना बालबालिकाहरूले आफ्नो सम्पूर्ण शरीरलाई आफ्नो वरपरको संसार वा वातावरण पत्ता लगाउन र बुझ्न प्रयोग गर्छन् ।<br>- चलमल गर्दा उनीहरूको शारीरिक र बौद्धिक सीपहरू विकास हुन्छ, र आफ्नो वरपरको वातावरणबाट नै बालबालिकाले प्रकृति, मानिसहरू र वस्तुहरूको बारेमा सिक्छन्।<br>- बालबालिकाको लागि कोठामा ठूला मांसपेशी संचालन हुने खेलहरू र खोज, अन्वेषण गर्न प्रोत्साहन हुने सामग्रीहरू प्रदान गर्नुपर्छ।<br>- बालबालिकालाई कोठाको फरक उचाई, फरकफरक अनुभव र विविध दृष्टिकोणहरू सिक्ने अवसरहरू प्रदान गर्न भुईंमा खेल्ने बहु–स्तरीय वातावरण सिर्जना गर्नु पर्दछ।<br>- विभिन्न बनावटहरू भएका (टेक्सचर) सतहहरूले ज्ञानेन्द्रियहरूको प्रयोग र अन्वेषणलाई सहयोग गर्दछ (जस्तो खस्रो मसिनो, चिल्लो फुस्रो, अग्लो होचो आदि) ।<br>- चिप्लेटी र क्लाइम्बरहरू जस्ता खेलका संरचनाहरूले बालबालिकालाई साथी समूहमा खेल्नलाई प्रोत्साहन गर्दछ। |
| **८ छनौट** | - शिशु र साना बालबालिकाहरूलाई छनौट गर्ने अवसर दिने वातावरणले उनीहरूको वृद्धि र विकासलाई सहयोग गर्दछ र यसले बालबालिकाहरूलाई रोचक वा चुनौतीपूर्ण लाग्ने कुराहरू पत्ता लगाउने अवसरहरू प्रदान गर्दछ।<br>- विभिन्न क्रियाकलाप गर्न विविध सामग्री सहित कोठामा विभिन्न क्षेत्रहरू छुट्टाइ मिलाएर राख्नुपर्छ।<br>- ठूला समूहमा र साना समूहमा क्रियाकलाप गराउन सानासाना क्षेत्रहरू (कुनाहरु) छुट्याउनु पर्छ।<br>- सक्रिय र शान्त खेल क्षेत्रहरू, र अव्यवस्थित र स्वस्फूर्त क्रियाकलापहरूको लागि ठाउँ हुनुपर्छ ।<br>- बालबालिकाहरूलाई आराम र सुत्ने स्थान वा कुनाको व्यवस्था गर्नुपर्दछ ।<br>- यस्ता क्रियाकलापका क्षेत्र तथा ठाउँले शिशु स्याहार तथा विकासमा सहयोग गर्दछ । साथै यसले बालबालिकालाई उत्प्रेरणा प्रदान गर्छ र चुनौती र आराम बीच सन्तुलन प्रदान गर्दछ। |



## स्तनपान कक्षको लागि आवश्यक डिजाइन र सामग्रीहरू








१. लगभग १२*१२ फिट वा सोभन्दा बढी क्षेत्रफल भएको कोठा
२. गद्दा, ओछ्यान, तकिया, कोक्रो
३. स्तनपानको लागि (दूध खुवाउँदा) आमाको कुहिना आराम गर्न कुर्सीको दुबै छेउमा हात भएको, कुशन भएको २ आरामदायी कुर्सी (आराम गर्ने कुर्सी)।
४. शिशुलाई दूध खुवाउँदा आमाको खुट्टा आराम गर्न र खुट्टा झुन्ड्याउनबाट जोगाउन सानो टुलहरू
५. स्तनपानको लागि (दूध खुवाउँदा) अरुले नदेख्ने बनाउन, आमाको गोपनीयताको लागि पर्दाहरू।
६. भुइँमा चिप्लो नहुने, सफा गर्न सजिलो कार्पेट, तथा झ्याल र ढोकामा पर्दा।
७. आमाको झोला, पानीको बोतल राख्न र बालबालिकाको लागि खाना तयार गर्न टेबल वा सानो र्‍याक
८. कोठा भित्र हात धुने र भाँडा माझ्ने सानो सिङ्क/ बेसिन, धारा वा पानीको व्यवस्था

## खेल सामग्री











९. एक टोकरी खेल सामग्री (खेलौना, ब्लक, भाडा कुटी सेट, डाक्टर सेट)।
१०. एक वर्ष मुनिका बालबालिकाहरूको लागि वाकर र कोक्रो
११. साना आकारका चाकाचुली, पीङ, चिप्लेटी
१२. भुइँमा धुन सजिलो, सफा गर्न सजिलो म्याट

## शौचालय तथा हात धुने कोठा (कोठासँग जोडिएको वा नजिकै)






१. हाते स्प्रे भएको एउटा कमोड वा बाल्टीन र मग
२. एउटा एसियाली शैलीको शौचालय प्यान, बाल्टिन र मग
३. साना बच्चाहरूको लागि पटीहरू
४. हात धुने सिङ्क, साबुन वा तरल साबुन
५. कपडा/तौलिया झुण्ड्याउन ह्याङ्गर
६. ट्वाइलेट पेपर
७. बिर्को भएको डस्ट बिन

## शिक्षक तथा स्याहारकर्ताको भूमिका

प्रारम्भिक बालस्याहार तथा विकास स्याहारकर्ताको मुख्य मुख्य भूमिका देहायबमोजिम हुनेछ :

- बालबालिकाहरूसँग कुराकानी गर्ने, उनीहरुको कुरा सुन्ने
- कथा भन्ने, नयाँ शब्दहरू दोहऱ्याउने र दोहऱ्याउन लगाउने
- उमेरअनुसारको समूह बनाउने र समूहअनुसारको क्रियाकलापहरू गर्न दिने
- समूह समूहमा काम गर्न सहयोग गर्ने र गरेका कामको अवलोकन गर्ने
- बालबालिकाहरूको कक्षामा सहभागिता अवलोकन गरी सहभागी गराउन प्रोत्साहन गर्ने
- समयअनुसार हाउभाउ गर्न सिकाउने, जस्तै : के हुन्छ ? किन, कसरी, तिम्रो के विचार छ ? जस्ता प्रश्नहरू बालबालिकालाई सोध्ने र सोध्न प्रोत्साहित गर्ने
- साथी साथीबिच कुराकानी गर्न लगाई अवलोकन गर्ने
- दिइएका कियाकलापहरूमा संलग्न गराउन बालबालिकाकासँग घुलमिल भइ

सिक्ने सिकाउने

- प्रश्नहरू सोधेर प्रोत्साहित गर्ने,
- आवश्यक स्रोतको व्यवस्था गर्ने,
- समयानुसार चाडपर्व, विशेष दिनसम्बन्धी चित्र कोर्ने, कथा कविता भन्ने र भन्न लगाउने,
- सामग्री सङ्कलन गराउने, सामग्री सङ्कलन गरी संरक्षण गर्ने,
- ससाना पुस्तिका निर्माण गर्न प्रोत्साहन गर्ने,
- सकारात्मक प्रस्तुतिलाई अभिप्रेरित गर्ने, बालबालिकाहरूलाई प्रश्न सोध्न प्रोत्साहन गरी सोधिएका प्रश्नका बारेमा चाख लिने,
- समय सन्दर्भ हेरी बाहिर खुला स्थान वा पार्कमा अवलोकनका लागि लैजाने व्यवस्था गर्ने आदि
- बालबालिकाहरूलाई सुरक्षाको महसुस गराउने । कुनै विपत्को अवस्था आएमा व्यवस्थापन पक्षसँग आवश्यक सल्लाह गरी सोहीअनुसार व्यवस्था गर्ने ।

सशक्त महिला सम्वृद्ध नेपालको सहयोगमा